गोरखापत्र
ज्ञान सागर
www.gorkhapatraonline.com
२०७८ साल साउन २७ गते बुधबार
2021 August 11 Wednesday


## वस्तुगत प्रश्नोत्तर



१. **नेपाली राष्ट्रिय क्रिकेट टोलीका पूर्वकप्तान पारस खड्काले अन्तर्राष्ट्रिय क्रिकेटबाट सन्यास लिने घोषणा कहिले गरेका हुन् ?**
- वि.सं. २०७८ साउन १९ गते
- उनले सामाजिक सञ्जालमार्फत अन्तर्राष्ट्रिय क्रिकेटबाट सन्यासको घोषणा गरेको ।
- उनको नेतृत्वमा नेपाली टोलीले एकदिवसीय मान्यता पाउनुका साथै टी–२० विश्वकपसम्म पुगेको ।

२. **प्रकाशको किरण एक माध्यमबाट अर्को माध्यममा प्रवेश गर्दा बाङ्गिने वा दिशा परिवर्तन हुने प्रक्रियालाई के भनिन्छ ?**
- प्रकाशको आवर्तन
- (फरक माध्यममा प्रकाशको गति फरक–फरक हुने भएकाले प्रकाशको आवर्तन हुन्छ ।)

३. **सरकारले कक्षा १० को माध्यमिक शिक्षा परीक्षा (एसईई)को नतिजा कहिले सार्वजनिक गऱ्यो ?**
- वि.सं. २०७८ साउन २३ गते
- विद्यालयले गरेको आन्तरिक मूल्याङ्कनलाई आधार मानेर नतिजा प्रकाशित गरिएको ।
- सो नतिजाअनुसार कुल चार लाख ८४ हजार २७८ जनाले ११ कक्षा पढ्ने अवसर प्राप्त गरेको ।
- राष्ट्रिय परीक्षा बोर्डका अनुसार बोर्डमा पाँच लाख १७ हजार १२२ जना विद्यार्थीले आवेदन दिएकोमा ३२ हजार ८४४ जना विद्यार्थी प्रमाणीकरणमा छुटेका । ती विद्यार्थी परीक्षामा सहभागी नभएको या बीचमै पढाइ छाडेको हुनसक्ने आकलन बोर्डको रहेको ।
- गत वर्ष पनि कोरोना भाइरसका कारण विद्यालयले नै गरेको आन्तरिक मूल्याङ्कनलाई आधार मानेर परीक्षाफल निकालिएको थियो ।

४. **प्रदेश खेलकुद विकास परिषद् गठन गर्ने पहिलो प्रदेश कुन हो ?**
- प्रदेश ३ (वि.सं. २०७६ असार २४)

५. **लेप्चा भाषाको लिपिलाई रोङ भनिन्छ भने तामाङ भाषाको लिपिलाई के भनिन्छ ?**
- तमहिग

६. **कर्मचारी सञ्चय कोषले योगदानमा आधारित निवृत्तिभरण कार्यक्रमका लागि तयार गरेको कम्प्युटर प्रणालीको शुभारम्भ कहिले गरियो ?**
- वि.सं. २०७६ भदौ ३१ गते
- कोषले वि.सं. २०७६ साउन १ गतेयता स्थायी नियुक्ति हुने सरकारी सेवाका सम्पूर्ण कर्मचारीका लागि योगदानमा आधारित निवृत्तिभरण योजना कार्यान्वयनको जिम्मेवारी पाएसँगै सञ्चालनको तयारीकै सन्दर्भमा सो कम्प्युटर प्रणाली बनाएको । यसका साथै आवश्यक अन्य संरचनागत, प्रक्रियागत एवं प्रणालीगत तयारी पनि पूरा भएको कोषले जनाएको ।
- कोषमा सञ्चय भएको रकमबाट कोषले सञ्चयकर्ताको आवश्यकता पूर्ति गर्नका लागि विशेष सापटी, शैक्षिक सापटी, घर सापटी, घर मर्मत सापटी र सञ्चयकर्ता सरल चक्र कर्जाजस्ता सापटी सुविधा प्रदान गर्ने गरेको ।
- त्यस्तै मुनाफा रकमबाट सामाजिक सुरक्षण कोष खडा गरी प्रसूति स्याहार, किरिया खर्च, दुर्घटना क्षतिपूर्ति र सञ्चय कोषकर्ता स्वास्थ्य बीमा कार्यक्रम सञ्चालन गरिँदै आएको ।
- कोषले मुलुकको पूर्वाधार विकासका लागि विभिन्न जलविद्युत् कम्पनी माथिल्लो तामाकोसी, चिलिमे जलविद्युत् कम्पनीद्वारा प्रवर्द्धित विभिन्न जलविद्युत् आयोजनामा ऋण लगानी गरेको छ । त्यस्तै नेपाल वायु सेवा निगमलाई विमान खरिद गर्नका लागि ऋण लगानी गरेको ।
- कोषले अधिकांश सेयर स्वामित्व सञ्चयकर्ताको रहने गरी वेतन–कर्णाली जलविद्युत् आयोजना निर्माण प्रक्रियाको सुरुवातसमेत गरेको ।
- कर्मचारी सञ्चय कोष ऐन, २०१९ अनुसार वि.सं. २०१९ भदौ ३१ मा यो संस्थाको स्थापना भएको ।

७. **मदर टेरेसाको जन्म कहिले र कहाँ भएको हो ?**



- सन् १९१० अगस्ट २६, उत्तरी मेसेडोनिया (उनी अल्बानियन मूलकी हुन्)
- (निधन : सन् १९९७ सेप्टेम्बर ५, भारतमा)

८. **भूउपयोग ऐन, २०७६ अनुसार कृषि क्षेत्र भन्नाले के बुझिन्छ ?**
- कृषि बाली उत्पादन, पशुपन्छीपालन, फार्म हाउस, मत्स्यपालन, माहुरीपालन, रेशम खेतीलगायत कृषिजन्य उत्पादन, बागवानी वा वनवाटिका, जडीबुटी र कृषि वनका लागि प्रयोग भएको वा हुन सक्ने जग्गा ।

९. **प्रसिद्ध रामधुनी मन्दिर कहाँ रहेको छ ?**
- सुनसरी
- पूर्व–पश्चिम राजमार्गको झुम्का बजारबाट सात किलोमिटरको दूरीमा रहेको यस मन्दिरमा बालाचतुर्दशी, शिवरात्रि, रामनवमी लगायतका महत्त्वपूर्ण पर्वमा मेला लाग्ने गर्छ ।
- त्रेता युगमा भगवान् राम यही स्थानमा आएर वनवास बसेको किंवदन्ती रहेको छ । त्यो बेला भगवान् रामले बालेको मानिएको आगो (धुनी) अहिलेसम्म पनि बलिरहेको छ । साथै, मन्दिर परिसरमा रथको पाङ्ग्रा, इनार, सीताले प्रयोग गरेको जाँतोलगायत महत्त्वपूर्ण ऐतिहासिक वस्तुसमेत यहाँ देख्न सकिन्छ ।

१०. **नेपालका आदिवासी जनजातिको भाषा संरक्षण गर्ने उद्देश्यका साथ विश्वव्यापी अभियानको थालनी कहिलेदेखि गरिएको हो ?**
- वि.सं. २०७६ असार १५ (थाइल्यान्डबाट)

११. **अपरेसन नाइटिङ्गेल भन्नाले के बुझिन्छ ?**
- प्राकृतिक प्रकोपबाट पीडित जनतालाई चिकित्सकीय सेवा उपलब्ध गराउन स्थायी रूपमा सञ्चालित कार्यक्रम ।

१२. **वृहस्पति र मङ्गल ग्रहको बीचमा फेला परेको धातुयुक्त छुद्र ग्रह कुन हो ?**
- साइकी
- (यो ग्रह इटालीको नेपल्सका खगोलशास्त्री एनिबल डी गेस्परिसले पत्ता लगाएका हुन् । यस छुद्र ग्रहमा प्रशस्त मात्रामा सुन रहेको अनुमान गरिएको ।)

१३. **विदेशीका लागि गोल्डकार्ड भिसा योजना सुरु गर्ने राष्ट्र कुन हो ?**
- संयुक्त अरब इमिरेट्स (यूएई)

१४. **विश्व आर्थिक मञ्चद्वारा ग्लोबल सेन्टर फर साइबर सेक्युरिटीको स्थापना कहिले गरिएको हो ?**
- सन् २०१८ जनवरी २६
- साइबर अपराधसम्बन्धी गतिविधिलाई निरुत्साहित गर्दै सुरक्षित साइबर स्पेस उपलब्ध गराउने उद्देश्यका साथ सो संस्था स्थापना गरिएको ।
- यो संस्थाको मुख्यालय स्विजरल्यान्डको जेनेभामा रहेको ।

१५. **विश्वकै सबैभन्दा अग्लो उचाइबाट गरिने बन्जी जम्पको निर्माण कहाँ गरिएको छ ?**



- चीन
- यो बञ्जी जम्प सन् २०२० को उत्तरार्द्धमा सञ्चालनमा आएको ।
- चीनको हुनान प्रान्तस्थित दुई पहाडका टाकुराबीचको काँचको पिँधयुक्त ४३० मिटर लामो पुलमा सो बञ्जी जम्प निर्माण गरिएको छ । झाङ्गजियाजिय ग्राउन्ड क्यान्योन ग्लास ब्रिजमा आउने आगन्तुकहरूले आङ नै सिरिङ्ग हुने गरी २६० मिटर उचाइबाट बञ्जी जम्पिङ गरेर मनोरञ्जन लिन सक्ने ।

१६. **प्रिज्मको प्रयोग गरी सूर्यको प्रकाशबाट विभिन्न सात रङका किरण छुट्याउने प्रक्रियालाई के भनिन्छ ?**
- प्रकाश विच्छेदन

१७. **भित्री ग्रह (Inner planets) अर्थात् सूर्यको नजिकका ग्रह भनेर कुन–कुन ग्रहलाई चिनिन्छ ?**
- बुध, शुक्र, पृथ्वी, मङ्गल
- (वृहस्पति, शनि, अरुण र वरुणलाई बाहिरी ग्रह (**Outer Planets**) अर्थात् सूर्यबाट टाढा रहेका ग्रह भनेर चिनिन्छ ।)

१८. **प्लास्टिक तथा प्लास्टिकजन्य सामग्रीको प्रयोग बन्द गर्ने उद्देश्यका साथ 'हिमालदेखि तराईसम्म प्लास्टिकरहित समाज निर्माण अभियान' रारा तालबाट कहिले सुरुवात भएको हो ?**
- वि.सं. २०७५ मङ्सिर २६

१९. **सन् २०३० सम्म नेपालमा कुपोषणको दरलाई कति प्रतिशतमा झार्ने लक्ष्य लिइएको छ ?**
- १४ प्रतिशत (सन् २०२५ सम्म २४ प्रतिशत)

२०. **पूर्वको ग्रेट ब्रिटेन भनी जापानलाई चिनिन्छ भने दक्षिणको ग्रेट ब्रिटेन भनी कुनलाई चिनिन्छ ?**
- न्युजिल्यान्ड

२१. **वायुमण्डल नभएको ग्रह भनेर बुध ग्रहलाई चिनिन्छ भने म्याग्नेटिक फिल्ड नभएको ग्रह भनेर कुन ग्रहलाई चिनिन्छ ?**
- शुक्र

२२. **बीबीसी नेपाली सेवाको सुरुवात कहिलेदेखि भएको हो ?**
- सन् १९६९ को जुन ७
- पहिले साप्ताहिक, त्यसपछि हप्तामा तीन दिन, पाँच दिन हुँदै हाल दैनिक रूपमा देशभरका दर्जनौं एफएम फ्रिक्वेन्सीहरूमा देश–विदेशका समाचार, विचार एवं विश्लेषणका साथ प्रस्तुत हुने गर्दछ ।
- वस्तुपरक समाचारका साथसाथै तिनको पृष्ठभूमि र त्यसबारे गहन विश्लेषणहरू प्रस्तुत गर्दै आएको बीबीसी नेपाली सेवा नेपाल तथा विश्वभरिका नेपाली भाषी श्रोतामाझ लोकप्रिय रहिआएको छ ।

२३. **Chronology भन्नाले कालक्रमसम्बन्धी अध्ययन गर्ने विज्ञानलाई बुझिन्छ भने Cosmology भन्नाले के बुझिन्छ ?**
- ब्राण्डको उत्पत्तिसम्बन्धी अध्ययन गर्ने विज्ञान

२४. **जलवायु परिवर्तनसम्बन्धी पेरिस सम्झौता अनुमोदन गर्ने पहिलो सार्क राष्ट्र कुन हो ?**
- माल्दिभ्स
- (नेपालले सन् २०१६ अक्टोबर २४ मा यो सम्झौता अनुमोदन गरेको ।)

२५. **२६. केन्द्रीय पञ्जीकरण (व्यक्तिगत घटना दर्तासम्बन्धी कार्य गर्ने निकाय) विभाग कुन मन्त्रालयअन्तर्गत पर्दछ ?**
- सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय

**प्रस्तुतकर्ता : टङ्क केसी**

## विषयगत प्रश्नोत्तर

# आयोजना व्यवस्थापन र कार्यान्वयन




१. **नेपालमा आयोजना व्यवस्थापनका समस्याहरू के के हुन् ? उल्लेख गर्दै आयोजना कार्यान्वयनलाई प्रभावकारी बनाउने उपायहरू लेख्नुहोस् ।**

वस्तु तथा सेवाको उत्पादन तथा वितरण गरी मुलुकको आर्थिक सामाजिक रूपान्तरणमा सहयोग गर्ने माध्यम एवं साधन आयोजना हुन् । नेपालमा आयोजना व्यवस्थापन गर्न राष्ट्रिय योजना आयोग र अर्थ मन्त्रालय क्रियाशील छन् । यसमा सम्बन्धित आयोजना प्रमुख तथा सम्बन्धित मन्त्रालयलाई बढी जिम्मेवार बनाइएको छ । आयोजना कार्यान्वयनमा प्रभावकारिता ल्याउन उच्च तहबाट अनुगमन र मूल्याङ्कन गर्ने व्यवस्था छ । आयोजनालाई व्यवस्थित गर्न आयोजना बैङ्कको स्थापना गरिएको छ । आयोजना व्यवस्थापनका लागि कानुनी र संस्थागत व्यवस्था गरिएको छ र पनि नेपालमा आयोजना व्यवस्थित हुन सकेको छैन । यसमा विभिन्न समस्या देखिएका छन्, जसलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :
- जनताको वास्तविक आवश्यकतामा आधारित कार्यान्वयनयोग्य आयोजना तर्जुमा हुन नसक्नु,
- आयोजना तर्जुमा गर्ने, बजेट व्यवस्था गर्ने र आयोजना कार्यान्वयन गर्ने निकायबीच कार्यगत समन्वयको कमी हुनु,
- आयोजना बैङ्कको पूर्ण पालना हुन नसक्नु,
- विदेशी सहयोगबाट सञ्चालित आयोजनामा दाताको सर्तअनुरूप लेखाङ्कन, प्रतिवेदन र लेखापरीक्षण गर्न नसक्दा शोधभर्ना समयमै प्राप्त हुन नसक्नु,
- पर्याप्त पूर्वतयारीबिना आयोजना कार्यान्वयनमा लैजानु,
- राष्ट्रिय गौरवका आयोजनाको कार्यान्वयन अवस्था कमजोर हुनु,
- आयोजनाबाट प्रभावित नागरिकको घर तथा जग्गा मूल्याङ्कन सरल र पारदर्शी हुन नसक्दा कार्यान्वयनमा विभिन्न अवरोध आउनु,
- आयोजना कार्यान्वयन गर्न व्यावहारिक कार्ययोजनाको अभाव हुनु,
- आयोजना कार्यान्वयनमा संलग्न आयोजना प्रमुखदेखि अरू कर्मचारीको बारम्बार सरुवा हुनु,
- आयोजना कार्यान्वयन गर्ने प्रत्येक कर्मचारीको जिम्मेवारी एवं जवाफदेहिता स्पष्ट हुन नसक्नु,
- आयोजना कार्यान्वयनमा ऐन नियमको पूर्ण परिपालना हुन नसक्नु,
- ठेक्कापट्टा एवं खरिद कार्य समयमा हुन नसक्नु,
- आयोजना कार्यान्वयनमा स्थानीय सरोकारवाला जनताको सहभागिता पर्याप्त नगराउनु,
- आयोजना कार्यान्वयनको अनुगमन गर्न कार्य प्रगतिमापन सूचकहरू तर्जुमा नगर्नु,
- आयोजना कार्यान्वयनको अनुगमन गर्ने कार्य प्रभावकारी हुन नसक्नु ।
- आयोजना कार्यान्वयनलाई प्रभावकारी बनाउने उपायहरू
- पूर्वतयारी सम्पन्न गरेर मात्र आयोजना कार्यान्वयनमा लैजाने प्रणाली स्थापना गर्ने,
- आयोजना बैङ्कको पूर्ण पालना गरी यसलाई प्रदेश र स्थानीय तहसम्म संस्थागत गर्ने,
- विदेशी सहयोगबाट सञ्चालित आयोजनाको लेखाङ्कन, प्रतिवेदन र लेखापरीक्षण कार्य समयमै गरेर शोधभर्ना माग गर्ने,
- विकास साझेदारबाट प्राप्त हुने सहयोग रकममा सुनिश्चितता भएपछि मात्र आयोजना कार्यान्वयनमा लैजाने,
- आयोजना कार्यान्वयन कार्ययोजना तर्जुमा गरी लागू गर्ने,
- उच्च स्तरबाट नियमित अनुगमन गरी राष्ट्रिय गौरवका आयोजनाको कार्यान्वयनमा प्रभावकारिता बढाउने,
- प्रत्येक कर्मचारीको भूमिका स्पष्ट गर्ने, आयोजना अवधिभर संलग्न कर्मचारीको सरुवा नगर्ने,
- ऐन–नियमको पूर्ण पालना गरी अनुशासन कायम गर्ने,
- साधन, संयन्त्र र कार्यविधिको व्यवस्था गर्ने, कार्यान्वयन स्थलमा समयमै बजेट व्यवस्था गर्ने,
- आयोजना तर्जुमा तथा कार्यान्वयनदेखि मर्मत तहसम्म सरोकारवाला जनताको सक्रिय सहभागिता गराउने,
- आयोजना तर्जुमा गर्ने, कार्यान्वयन गर्ने तथा अनुगमन गर्ने निकायबीच कार्यगत समन्वय बढाउने, सूचक तयार गरी निरन्तर अनुगमन गर्ने,
- कार्यान्वयन तहबाट प्राप्त प्रगति विवरणलाई तालुक निकायबाट रुजु गर्ने,
- आयोजना ठेकदारको प्राविधिक र वित्तीय क्षमता विश्लेषण गरेर मात्र आयोजना ठेक्कामा दिने, ठेकदारबाट क्षमताभन्दा बढी आयोजना होल्ड गर्ने कार्यको अन्त्य गर्ने,
- ठेक्कापट्टा, खरिद एवं निर्माण कार्य समयमा नगर्नेलाई कडा कारबाही गर्ने,
- नेपालमा राज्यले आयोजनामा ठूलो लगानी गरिसकेको छ । यो मुलुकको समृद्धिसँग जोडिएको विषय हो । राज्यको लगानी तब मात्र सदुपयोग हुन्छ, जब आयोजनाले सही प्रतिफल दिन्छ । यसका लागि आयोजना तर्जुमादेखि त्यसको प्रभावकारी कार्यान्वयन, अनुगमन, मर्मतसम्भार एवं रेखदेखमा विशेष जोड दिनुपर्दछ । राष्ट्रिय आवश्यकता तथा प्राथमिकताका आयोजना तर्जमा गर्नुपर्दछ । जनताको सहभागितालाई थप महत्त्व दिनुपर्दछ ।

२. **आर्थिक विकासका सूचकहरू के के हुन् ? लेख्नुहोस् ।**

अर्थतन्त्रको समग्र विकास भएको वा नभएको अवस्था झल्काउने तथा जानकारी दिने माध्यम आर्थिक विकासका सूचक हुन् । यस्ता सूचक अर्थतन्त्रका चारवटा क्षेत्रसँग सम्बन्धित हुन्छन् । अर्थतन्त्रको वास्तविक क्षेत्र, सार्वजनिक वित्त क्षेत्र, बैङ्किङ तथा वित्तीय क्षेत्र र बाह्य क्षेत्र अथवा वैदेशिक व्यापार तथा भुक्तानी क्षेत्रसँग सम्बन्धित सूचक निम्न छन् :
- कुल गार्हस्थ उत्पादन,
- कुल गार्हस्थ बचत,
- कुल राष्ट्रिय आय,
- कुल राष्ट्रिय बचत,
- मुद्रास्फीति दर,
- राजस्व परिचालन :- कर राजस्व, गैरकर राजस्व,
- सरकारी खर्च :- चालू खर्च, पुँजीगत खर्च, वित्तीय व्यवस्था,
- तिर्न बाँकी सार्वजनिक ऋण :- आन्तरिक ऋण, वैदेशिक ऋण,
- निजी क्षेत्रतर्फ प्रवाह भएको कर्जा,
- सङ्कुचित मुद्रा प्रदाय र विस्तृत मुद्रा प्रदाय,
- बैङ्कमा जम्मा भएको कुल निक्षेप,
- निर्यात र आयातको अवस्था,
- व्यापार घाटा,
- पर्यटनबाट भएको आय,
- विप्रेषण आय,
- शोधनान्तर बचत,
- विदेशी विनिमय सञ्चिति ।

३. **सामाजिक विकृति निराकरणका उपायबारे चर्चा गर्नुहोस् ।**

सामाजिक विकृति समाज विकासका अवरोध हुन्, सामाजिक रोग हुन् । नेपालमा खासगरी छुवाछूत, दाइजो, लागूपदार्थ दुर्व्यसन, बालश्रम शोषण, चेलीबेटी बेचबिखन, भ्रष्टाचार, अन्धविश्वास, देउकी, झुमा, कमैया, छाउपडीजस्ता सामाजिक विकृतिहरू रहेका छन् । नेपालमा यस्ता विकृति मूलतः गरिबी र अशिक्षाका कारण भएको पाइन्छ । यसका लागि रोजगारीको सिर्जना तथा शिक्षा र जनचेतनाको विस्तार गरी यिनको निराकरण गर्नुपर्दछ, यसका अरू उपायहरू निम्न छन् :
- लैङ्गिक विभेद एवं असमानता कम गर्ने,
- महिलामाथि हुने हिंसा घरदेखि नै अन्त्य गर्ने,
- दुर्गम–सुगम सबै स्थानमा महिला शिक्षा तथा प्रौढ शिक्षामा जोड दिने,
- संविधान, ऐन, नियम, कानुनले महिलालाई दिएका हकअधिकारहरू जानकारी गराउने र तिनको पालना गर्ने, गराउने,
- हिंसापीडित महिलाको उद्धार र पुनर्स्थापनाका लागि पर्याप्त स्रोत–साधनको व्यवस्था गर्ने,
- दाइजो, छुवाछूतजस्ता विकृति हटाउन सामाजिक अभियान सञ्चालन गर्ने,
- गरिबी उन्मुख आर्थिक सामाजिक विकासका कार्यक्रमहरू सञ्चालन गर्ने,
- समाज सुधारका क्षेत्रमा कार्यरत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी सङ्घसंस्थाहरूबीच समन्वय कायम गर्ने,
- कानुनविपरीत कार्य गर्नेलाई कडा कारबाही गर्ने ।

४. **विश्व भन्सार सङ्गठनको छोटो परिचय दिँदै व्यापार सहजीकरणमा यसले खेलेको भूमिकाबारे चर्चा गर्नुहोस् ।**

विश्वको भन्सार प्रशासनलाई व्यवस्थित गर्ने एउटा स्वतन्त्र अन्तरसरकारी निकाय विश्व भन्सार सङ्गठन हो । यसको स्थापना सन् १९५३ जनवरी २६ मा विश्व भन्सार सहयोग परिषद्का रूपमा भएको हो । हाल यस सङ्गठनमा १८३ राष्ट्र सदस्य छन् । यस सङ्गठनको प्रधान कार्यालय बेल्जियमको ब्रसेल्समा छ । नेपाल यस सङ्गठनको सदस्य सन् १९८५ जुलाई २२ मा बनेको हो । यस सङ्गठनमा सङ्गठनका महासचिव कार्यकारी प्रमुख हुने व्यवस्था छ । यस सङ्गठनको प्रत्येक वर्ष वार्षिक परिषद्को बैठक बस्दछ । वार्षिक परिषद्ले नीति निर्धारण गर्दछ, जसमा सदस्य राष्ट्रका भन्सार प्रमुखहरूले प्रतिनिधित्व गर्दछन् । विश्व भन्सार सङ्गठनले कार्य गर्दा विश्व व्यापार सङ्गठनबाट प्रतिपादित सिद्धान्त र व्यवहारलाई अनुसरण गर्दछ ।
- व्यापार सहजीकरणमा विश्व भन्सार सङ्गठनको भूमिका
- देशहरूबीचको व्यापारमा कुनै अवरोध नआई सरल र नियमित रूपमा मालवस्तु आयात निर्यात हुने अवस्था व्यापार सहजीकरण हो । मालवस्तु आयात निर्यातको सहजीकरण कार्यमा अन्तर्राष्ट्रिय स्तरमा विश्व भन्सार सङ्गठन र विश्व व्यापार सङ्गठनले कार्य गर्दै आएका छन् । व्यापार सहजीकरणमा विश्व भन्सार सङ्गठनले निर्वाह गरेको भूमिकालाई निम्नअनुसार उल्लेख गर्न सकिन्छ :
- भन्सार व्यवस्थापनसम्बन्धी अन्तर्राष्ट्रिय नीति, योजना तथा कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने गराउने गरेको,
- भन्सारसम्बन्धी अन्तर्राष्ट्रिय सन्धिहरूको व्याख्या गर्ने र त्यस्ता सन्धिको कार्यान्वयनमा एकरूपता कायम गराएको,
- भन्सार मूल्याङ्कनबारेमा विश्व व्यापार सङ्गठनलाई राय परामर्श दिने गरेको,
- आफ्ना सदस्य राष्ट्रहरूलाई वैदेशिक व्यापार एवं भन्सार व्यवस्थापन सम्बन्धमा सूचना आदान–प्रदान, सहयोग एवं सल्लाह प्रदान गरेको,
- सदस्य राष्ट्रहरूका भन्सार कानुनको कार्यान्वयनमा प्रभावकारिता ल्याई भन्सार कानुन र भन्सार प्रशासनबीच सामाञ्जस्य र एकरूपता ल्याउन सहयोग गरेको,
- भन्सार कार्यविधि र प्रक्रियामा सरलीकरण गर्न मद्दत गरेको,
- सदस्य राष्ट्रहरूबीच देखिएका विवाद समाधान गर्दै आएको,
- भन्सार व्यवस्थापनमा संलग्न मानव साधनको विकासमा सहयोग गर्दै आएको,
- विश्वभर आयात निर्यात हुने मालवस्तुमा हार्मोनाइज्ड सिस्टम लागू गरी उपयुक्त नामकरण र वर्गीकरण गर्दै आएको,
- अन्तर्राष्ट्रिय अपराध रोक्न सदस्य राष्ट्रहरूबीच सहयोग बढाएको,
- भन्सार व्यवस्थापनलाई प्रभावकारी बनाउन अन्य अन्तर्राष्ट्रिय निकायसँग सहयोग बढाउँदै आएको,
- प्रत्येक वर्षको जनवरी २६ मा विभिन्न कार्यक्रम गरी विश्वभर विश्व भन्सार दिवस मनाउँदै आएको,
- सदस्य राष्ट्रका भन्सार प्रशासनमा आधुनिक सूचना प्रविधि आशिकुडा वर्ल्ड प्रणालीको विकास र विस्तार गरी भन्सारलाई विद्युतीय शासनमा रूपान्तरण गर्न सहयोग गरेको ।
- यसरी विश्वको व्यापार सहजीकरणमा विश्व भन्सार सङ्गठनले आफ्नो सशक्त भूमिका निर्वाह गर्दै आएको छ ।

५. **नेपालको संविधानमा विकाससम्बन्धी के कस्तो नीतिगत व्यवस्था छ ? उल्लेख गर्नुहोस् ।**

नेपालको संविधानको धारा ५१ (च) ले नेपालमा विकाससम्बन्धी नीतिगत व्यवस्था गरेको छ, जसलाई निम्नअनुसार उल्लेख गर्न सकिन्छ :

- **विकास**
- देशका सुगम दुर्गम सबै क्षेत्रमा सन्तुलित समावेशी आर्थिक विकास,
- दिगो सामाजिक आर्थिक विकासका रणनीति र कार्यक्रमहरू तर्जुमा र समन्वयात्मक कार्यान्वयन,
- विकासका दृष्टिले पछाडि परेका क्षेत्रलाई प्राथमिकता,
- भौतिक पूर्वाधार (सन्तुलित, वातावरण अनुकूल, गुणस्तरीय र दिगो) विकास,
- विकास निर्माणको प्रक्रियामा स्थानीय जनसहभागिता अभिवृद्धि,
- विकासको प्रतिफल वितरणमा विपन्नलाई प्राथमिकता, आमजनतामा न्यायोचित वितरण ।
- **अनुसन्धान र विकास**
- वैज्ञानिक अध्ययन अनुसन्धान,
- विज्ञान र प्रविधिको विकासमा लगानी अभिवृद्धि,
- वैज्ञानिक, प्राविधिक, बौद्धिक र विशिष्ट प्रतिभाहरूको संरक्षण ।
- सूचना प्रविधि
- सूचना प्रविधिको विकास र विस्तार,
- नागरिकको सहज र सरल पहुँच,
- विकासका हरेक क्षेत्रमा सूचना प्रविधिको उच्चतम उपयोग ।
- एकीकृत राष्ट्रिय परिचयपत्र
- एकीकृत राष्ट्रिय परिचयपत्र व्यवस्थापन सूचना प्रणालीको विकास,
- नागरिकका सबै/हरेक प्रकारका सूचना र विवरणको एकीकृत व्यवस्थापन,
- राज्यका सेवा सुविधासँग आबद्धता ।
- जनसङ्ख्याको तथ्याङ्क
- जनसङ्ख्याको तथ्याङ्क अद्यावधिक,
- विकास योजनासँग आबद्धता ।

६. **सेवाग्राहीप्रति कर्मचारीको व्यवहार र आचरण के कस्तो हुनुपर्दछ ? लेख्नुहोस् ।**

सेवाग्राही सेवा प्रापक हो, कर्मचारी सेवा प्रदायक हो । सेवा प्रदायकले सेवाग्राहीप्रति असल व्यवहार र आचरण प्रदर्शन गर्नुपर्दछ । जुन निम्नअनुसार हुनुपर्दछ :
- सेवाग्राहीको काम समयमै गर्नुपर्ने, समयमै काम हुन नसकेमा त्यसको आधार र कारण दिनुपर्ने,
- सेवाग्राहीप्रति मर्यादित व्यवहार गर्नुपर्ने,
- जवाफ दिँदा शिष्टतापूर्वक दिने, सेवाग्राहीप्रति उत्तरदायी रहने,
- सेवाग्राहीको हितलाई ध्यानमा राखी काम गर्ने,
- वृद्ध, अशक्त, अपाङ्गता, गर्भवती महिला, बालबालिका, असहायलाई प्राथमिकता दिनुपर्ने,
- सरल र सहज भाषामा सेवा दिने,
- सेवा प्रवाहमा सेवाग्राहीको पहुँच बढाउने,
- सेवा प्राप्तिको प्रक्रिया, लाग्ने समय, लागतबारे सेवाग्राहीलाई यथासमयमै जानकारी गराउने,
- आफ्नो पदअनुसारको आचरण पालन गर्ने,
- निष्पक्ष रूपमा गुणस्तरीय सेवा प्रवाह गर्ने,
- छिटोछरितो सेवा प्रवाह गर्ने,
- सेवा प्रवाहमा पारदर्शिता र मितव्ययिता कायम गर्ने,
- आफ्नो परिचयपत्र र तोकिएको पोसाकसहित सेवा प्रवाह गर्ने,
- कार्यालयमा वस्तु तथा सेवा प्रवाह र सूचना प्रवाह स्वतःस्फूर्त रूपमा हुने संरचना र प्रणाली स्थापना गर्ने,
- सेवा प्रवाह कार्यविधि सरल र पारदर्शी बनाउने,
- विद्युतीय सेवा प्रवाहमा जोड दिने,
- सहयोगी कार्यशैली अपनाउने ।

**प्रस्तुतकर्ता : हेमचन्द्र शर्मा**